म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १२१ २०८० चैत ८ गते बिहीबार 21 March 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**डढेलोबाट बचौं र बचाऔं ।**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन,धन र वनको संरक्षण गरौं,

सचेत बनौं डढेंलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

# रुस–युक्रेन युद्धमा मकवानपुरका दुई जनाको मृत्यु

**रुस-युक्रेन युद्धमा हालसम्म ३२ जना नेपालीको मृत्यु भएको रुसी सरकारले नै पुष्टि गरिसकेको छ । नेपालबाट सयौंको संख्यामा नेपाली युवा रुसी सेनामा भर्ती भएको अनुमान गरिएको छ ।**

समाज संवाददाता

हेटौंडाः रुसी सेनामा भर्ती भई रुस-युक्रेन युद्धमा होमिएका मकवानपुरका दुईजनाको मृत्यु भएको छ । पछिल्लो पटक रुसले पठाएको मृतक १५ जना नेपालीको सूचिमा मकवानपुरका विजयबहादुर थोकर र जितेन्द्रबहादुर घिसिङको नाम समावेश छ । थोकर र घिसिङ मकवानपुरको कुन पालिकाको कुन स्थानको हो भन्ने एकिन हुन सकेको छैन ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सरोज पौडेलका अनुसार केही समयअघि कन्सुलर विभागका अधिकारीले थोकर र घिसिङको विषयमा सोधपुछ गरेको थियो । कन्सुलर विभागले डिएनए परीक्षणका लागि परिवारको रगतको नमूना संकलनका लागि खोजी गरेको थियो । प्रशासन कार्यालयले थोकर र घिसिङको ठेगाना एकिन गर्न सकेको छैन । बुधबारको कान्तिपुर दैनिकमा प्रकाशित समाचारअनुसार मकवानपुरका विजयबहादुर थोकर ५ महिनादेखि परिवारको सम्पर्कमा छैनन् । विजयकी श्रीमति हरिमायाका अनुसार विजयसँग पछिल्लो पटक गत कात्तिक ६ गते सम्पर्क भएको थियो । रेडजोनमा जानुअघि विजयले एक साता टेलिफोन सम्पर्क हुन नसक्ने जानकारी हरिमायालाई गराएका थिए । काठमाडौंमा घर बनाउने काम गरिरहेका विजय ८ लाख रुपैयाँ खर्च गरेर रुस पुगेको कान्तिपुरमा उल्लेख गरिएको छ ।

रुस-युक्रेन युद्धमा हालसम्म ३२ जना नेपालीको मृत्यु भएको रुसी सरकारले नै पुष्टि गरिसकेको छ । नेपालबाट सयौंको संख्यामा नेपाली युवा रुसी सेनामा भर्ती भएको अनुमान गरिएको छ । रुस-युक्रेन युद्धमा सहभागी हेटौंडाका दुई जनाको परिवारले सुरक्षित बैदेशिक रोजगार परियोजना (सामी) का अधिकारीलाई भेटेर उद्दार गरिदिन आग्रह गरेका छन् । हेटौंडा-११ का कुमार श्रेष्ठ र हेटौंडा-१३ का डार्गेन मुक्तानलाई उद्दार गरिदिन परिवारले सामी परियोजना हुँदै परराष्ट्र मन्त्रालयमा समेत पहल गरेको छ । श्रेष्ठ नेपालबाटै रुस पुगेका हुन् भने मुक्तान कतारबाट रुस पुगेका हुन् ।

मुक्तान अहिले घाइते भएर रुसकै नियन्त्रणमा रहेको युक्रेनस्थित अस्पतालमा उपचाररत रहेको डार्गेनका भाइ भरत मुक्तानले जानकारी दिनुभयो । तीन महिनाअघि मात्रै कतारबाट लक्जम्बर्ग जाने भनेर हिँडेका रुम्बालाई रुस पुऱ्याइएका भरतको भनाइ छ । अहिले नियमित कुराकानी भए पनि घाइते अवस्थामा युद्धस्थलमै रहेकोले उद्दारका लागि पहल गरिरहेको भरतले बताउनुभयो । यता कुमार श्रेष्ठ भने झण्डै ८ लाख रुपैयाँ खर्चेर रुस पुगेका हुन् । कुमारकी श्रीमति विन्दु श्रेष्ठका अनुसार नेपाल प्रहरीमा काम गरिरहेका कुमार सशस्त्र द्वन्द्वको समयमा सेवा छाडेर मलेसिया गएका थिए ।

मलेसियाबाट सन् २०१८ मा फर्किएर हेटौंडामै सुरक्षागार्डको काम गर्दै आएका कुमार गत कात्तिक १९ गते मात्रै रुस उडेका हुन् । दुईपटक युद्धग्रस्त क्षेत्रबाट भागेर नेपाल फर्कन खोज्दा पनि सम्भव नभएर कुमार फेरि युद्ध क्षेत्रमै खटिइरहेको विन्दुको भनाइ छ । उद्दारका लागि पहल गरे पनि सम्भव नभएको उहाँको भनाइ छ । सामी परियोजनाका अधिकारीका अनुसार रुस पठाउने भन्दै ठगिएको भनी केहीको निवेदन समेत दर्ता भएको छ ।




# हार्दिक बधाई एवम् शुभकामना



| मञ्चन तिवारी | सचिता पाण्डे | मनोज थिङ | सिएम रिमाल | नरेन्द्र कुमार नगरकोटी | शरदराज पाण्डे |
|---|---|---|---|---|---|
| शैक्षिक प्रमुख (मावि) | शैक्षिक प्रमुख (प्राथमिक) | प्रिन्सीपल | मावि तह संयोजक | तालिम विभाग प्रमुख | प्रशासन तथा लेखा प्रमुख |

नवोदय शिशु सदन माविमा विभिन्न जिम्मेवारी प्राप्त गर्नुहुने सम्पूर्णमा हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछौं। आशा छ नयाँ नेतृत्वले नवोदय शिशु सदन माविका विद्यार्थीको सर्वाङ्गिण विकासमा विशेष र महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

विद्यालय व्यवस्थापन समिति परिवार

**नवोदय शिशु सदन मावि**

हेटौंडा-४, मकवानपुर

# सम्पादकीय

## वर्गीकरण र शूल्क निर्धारण गर

हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकारीले कर्मचारीको अभावमा निजी विद्यालयको वर्गीकरण र आगामी शैक्षिक सत्रका लागि शूल्क निर्धारणको काम गर्न नसक्ने भन्दै गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति दिएको छ । स्थानीय सरकारले कानुन निर्माण गरेर विद्यालय शिक्षा व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी विपरित नियमन र अनुगमनको जिम्मेवारी पूरा गर्न सकिँदैन भन्नु सामान्य विषय होइन । संघीयतापछि स्थानीय सरकारलाई विद्यालय शिक्षाको जिम्मेवारी दिनु भनेको तल्लो तहबाटै काम हुने अपेक्षा पनि हो । मुलुकको नयाँ संरचनाको अपेक्षा विपरित पालिकाले विद्यालय शिक्षालाई बोझ ठान्नु, व्यवस्थापनमा जिम्मेवार नहुनु पालिकाकै भविष्य कमजोर बनाउनु हो ।

विद्यालय शिक्षाको नयाँ शैक्षिक सत्र सुरु हुन तीन साता मात्रै बाँकी छ । चालु शैक्षिक सत्रको अन्तिम समयमा वार्षिक परीक्षा सञ्चालन भइरहेको छ । वार्षिक परीक्षा तथा विद्यार्थीको मूल्यांकनमा पनि पालिकाले अपनत्व लिन सकेको छैन । कक्षा-८ को परीक्षालाई पालिकास्तरीय भने पनि पालिकाले आवश्यक स्वामित्व लिने र व्यवस्थापन गर्न सकेको छैन । हेटौंडा उपमहानगरले लिएको कक्षा-८ को परीक्षाको प्रश्नपत्रमा त्रुटी पाइएको छ । शिक्षामा भएका कमिकमजोरीको विषयमा सार्वजनिक रुपमा आलोचना भइरहँदा पनि पालिकाको आधिकारिक धारणा, टिप्पणी केही आइरहेको छैन । कमिकमजोरीलाई स्वीकार्ने, सरोकारवालासँग समन्वय गरेर थप सुधारका काम गर्नेतर्फ पालिकाको ध्यान हुनु पर्छ ।

निजी विद्यालयको सन्दर्भमा विशेषगरी अभिभावकले तिर्ने शूल्क महत्वपूर्ण विषयको रुपमा रहने गरेको छ । विद्यालयको शैक्षिक गुणस्तर, शैक्षिक क्रियाकलाप, कार्यक्रमहरु, पूर्वाधारलाई ध्यानमा राखेर विद्यालयको वर्गीकरण गर्ने र वर्गीकरणको तहअनुसार नै अभिभावकबाट शिक्षण शूल्क लिने व्यवस्था हुनुपर्ने हो । हुन त यस वर्ष मात्रै नभई हरेक वर्ष स्थानीय सरकार यसैगरी गैरजिम्मेवार बन्दै आइरहेको हो । विगतकै निरन्तरता हो भनेर यस वर्ष पनि गैरजिम्मेवार हुने अवस्था जायज होइन । सरकारी शिक्षाको सुधार गरेर निजी शिक्षालाई निरुत्साहित गर्नुपर्ने पालिका सरकारी र निजी दुबै खाले शिक्षालाई बेवास्ता गरेर बस्ने प्रवृत्ति निन्दनीय छ ।

निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारण मात्रै नभई स्थानीय सरकारले चालु शैक्षिक सत्रको समीक्षा र आगामी शैक्षिक सत्रको योजना तर्जुमामा पनि गम्भीर भएर मिहिनेत गर्नु आवश्यक छ । अझ हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले सार्वजनिक रुपमा नै आगामी वर्ष शैक्षिक वर्षको रुपमा कार्यान्वयन गर्ने घोषणा गरिरहनुभएको छ । सुन्नका लागि लोकप्रिय लाग्ने गरी कार्यक्रम घोषणा गर्नु मात्रै पर्याप्त हुन्न । प्रभावकारी कार्यान्वयन र लक्षित उपलब्धी हासिल गर्ने गरी सरकारको जिम्मेवारीपूर्ण योजनाको तयारी हुनुपर्दछ । शिक्षा आफैंमा एउटा विषय जस्तो लागे पनि यसको प्रभाव समाजका वृहत् क्षेत्रमा रहन्छ । तसर्थ शिक्षाप्रति स्थानीय सरकारको सकारात्मक भूमिकाको अपेक्षा आम नागरिकले गरिरहन्छन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक योगका काममा खर्च बढ्ने समय छ ।
**वृष** : जिद्धीपन र हठ त्याग गर्दा राम्रो रहने छ ।
**मिथुन** : लेखाई–पढाईका काममा सरिक भइने समय छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : आहार–विहारमा अनुशासन पालन गर्दा राम्रो होला ।
**कन्या** : लेखाई–पढाई मध्यमकारक नै मान्नुपर्दछ ।
**तुला** : हाकिमको कचकचले मन विचलित हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा मन जाने समय छ ।
**धनु** : अध्ययन–अध्यापनका क्षेत्रहरु मध्यमकारक छन् ।
**मकर** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहने समय छ ।
**कुम्भ** : अध्ययन–अध्यापनका क्षेत्रहरु सफल रहलान् ।
**मीन** : पारिवारीक दायित्व बढ्ने समय योग रहेको छ ।

# प्रदेश र स्थानीय तहमा योजना निर्माणका चुनौती

**जनताको सबैभन्दा नजिकको सरकार भएको नाताले स्थानीय तहका लागि यस्तो चुनौती अझै बढ्न गएको छ । यस्तो चुनौतीको सामना गर्दै उपलब्ध स्रोतसाधनको उपयोगका लागि स्थानीय तहको योजना पद्धतिलाई अझ बढी सहभागितामूलक, व्यवस्थित र प्रभावकारी बनाउन जरुरी छ ।**






✍ पदम भण्डारी

देशको योजनाबद्ध विकासका लागि योजना तथा नीति तर्जुमा जरुरी विषय हुन् । योजना तथा नीतिले आर्थिक विकासका निम्ति स्रोतसाधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने विषयसमेत समेटेको हुन्छ । यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्यांकनका लागिसमेत मार्गनिर्देश गर्नुका साथै विकास नीति र कार्यक्रमहरु कार्यान्वयनका लागि सहजीकरण गर्छ । यसैगरी यसले देशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्छ । यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्था तथा निजी क्षेत्रका समस्या विश्लेषण गर्ने र समाधान गर्ने कुरामा समेत मार्ग प्रदान गर्छ ।

प्रदेश र स्थानीय तहमा योजना तथा नीति तर्जुमा योजना, बजेट र खर्चको अनुगमनमा नागरिकलाई संलग्न गराउनमा थुप्रै चुनौती छन् । नागरिकका विविध पृष्ठभूमि, चासो, प्राथमिकता, विवादित आवश्यकता र अपेक्षाहरू छन्, जुन छिटो एकै समयमा पूरा भइदिए हुन्थ्यो भन्ने अपेक्षा राख्छन् । फरक-फरक पृष्ठभूमि भएका जनसंख्याको अपेक्षा पूरा गर्न गाह्रो छ । स्थानीय सरकारहरूसँग आर्थिक र पूर्वाधार योजनामा आवश्यक विशेषज्ञता र क्षमताको अभाव छ ।

प्रदेश र स्थानीय तहमा न्यून प्राविधिक र मानव क्षमताका कारण उपलब्ध स्रोतसाधन कम खर्च भइरहेको छ । यसबाहेक संघीय निजामती सेवा ऐन नहुँदा स्थानीय सेवा सञ्चालन र कर्मचारी व्यवस्थापनमा समस्या छ । योजना, सेवा प्रवाह र स्रोत परिचालनको भूमिकामा अझै अन्योलताका साथ वित्तीय संघीयताको कार्यान्वयन पूर्णतया साकार हुन बाँकी छ । उदाहरणका लागि स्थानीय तहमा राजस्व संकलन घटेको छ र स्थानीय तहले त्यसलाई नियमन गर्न कठिनाइ भोग्नुपरेको छ । ठूला संस्था र कम्पनीहरूमा लगाइएको कर संघीय स्तरमा राखिएको छ । प्रदेशस्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ पार्नु अझै चुनौतीपूर्ण छ । वित्तीय उत्तर दायित्व र आन्तरिक नियन्त्रण प्रणालीमा समस्याहरू छन् ।

सामान्यतया योजना प्रक्रियामा तीन तहका सरकारबीच समन्वय र सहकार्यको अभाव छ । विभिन्न तहका सरकार (संघ, प्रदेश र पालिका) बीचको अपर्याप्त समन्वय र सहकार्यले विकासका प्रयासहरु दोहोरिने र प्रभावहीन हुने खतरा निम्त्याएको छ । निजी क्षेत्र र सामुदायिक समूहहरुसहित विभिन्न सरोकारवालासँगको समन्वय, सहकार्य र विश्वासको कमीका कारण विकास निर्माणका काम धेरै चुनौतीपूर्ण बनेका छन् । प्रदेश र स्थानीय स्तरमा परियोजनाहरूको गलत प्राथमिकताका कारण समयमै सम्पन्न नहुने एवं त्यसको प्रतिफल राम्रो नहुने अवस्थाबाट ग्रसित छन् । प्रदेश र स्थानीय स्तरमा दीर्घकालीन-रणनीतिक योजनाको अभाव छ र सामान्यतया प्राथमिकताहरु छरिएका छन् । लगानी रुपान्तरणकारीभन्दा पनि अनियमित परियोजनाहरूमा गरिएको छ । संघीय सरकारले स्थानीय तहलाई कोष निर्देशन गर्छ, जसको उद्देश्य सधैं स्पष्ट वा पारदर्शी हुँदैन । स्थानीय नेतृत्वमा बारम्बार परिवर्तनले स्वार्थ र प्राथमिकताहरू बाझिएको छ । राजनीतिक स्वार्थअनुसार नीति तथा योजना बनाइने प्रचलन रोकिएको छैन ।

प्रदेश र स्थानीय सरकारसँग पूर्वाधार परियोजनाहरूका लागि पर्याप्त स्रोत छैनन् । संघीय सरकारको कोषमा निर्भरताले आयोजना कार्यान्वयनमा अनिश्चितता र ढिलाइ हुने गरेको छ । तीन तहका सरकारबीच एकल र साझा अधिकारहरु स्पष्ट गर्नका लागि कानुनी ढाँचामा संशोधन आवश्यक छ । कार्य विस्तृतीकरण प्रतिवेदन (अनबन्डलिङ रिपोर्ट) मा उल्लिखित साझा अधिकारहरूको व्याख्याले अन्योलता सिर्जना गरेको छ । कार्य विस्तृतीकरण प्रतिवेदनमा विभिन्न कुरा दोहोरिने भएकाले कार्यान्वयन गर्न गाह्रो हुन्छ । कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लिखित एकल र साझा (समवर्ती) अधिकारहरू धेरै मिल्दाजुल्दा छन् । प्रदेश र स्थानीय तहलाई संविधानमा उल्लिखित एकल अधिकारका सम्बन्धमा कानुन बनाउनमा विरोधाभास र अन्योलता छ ।

स्थानीय तहमा योजना, बजेट र सेवा प्रवाहका समस्याहरू पनि उपयुक्त कानुनको अभावका कारण उत्पन्न भएका छन् । स्थानीय तहहरू सामान्यतया कानुन बनाउने प्रक्रियाको अपर्याप्त ज्ञान वा प्रदेश र संघीय स्तरमा ढिलाइ र अवरोधका कारण पीडित छन् । स्थानीय तहसँग निजी क्षेत्र, सार्वजनिक-निजी-साझेदारी मोडालिटी र लगानीका अवसरहरूलगायत विभिन्न क्षेत्र र उद्योगहरूको विशेषज्ञता र ज्ञानको कमी छ । जग्गा अधिग्रहण र वातावरणीय दिगोपन र सामाजिक विकासका सरोकारहरूलाई सन्तुलनमा राख्ने मुद्दाहरू सधैं चुनौतीपूर्ण छन् ।

जनसांख्यिकीय जानकारी अद्यावधिक नहुनु, आर्थिक समस्या र पूर्वाधारको अभाव, अपर्याप्त र अविश्वसनीय तथ्यांकले सही योजना र निर्णय लिने समस्याहरू सिर्जना गरेको छ । सबै क्षेत्रको सन्तुलित विकासका लागि स्रोत परिचालनमा चुनौतीहरू छन् । कतिपय प्रदेश सरकार र स्थानीय तहले आवधिक योजना बनाए पनि नीति तथा कार्यक्रममा तोकिएका लक्ष्य (उदाहरणका लागि पाँच वर्षमा प्रतिव्यक्ति आय दोब्बर गर्ने, पाँच वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्या शून्यमा झार्ने आदि) लगायतका लगानीका चुनौती छन् । स्थानीय तहमा खटिएका जनशक्तिको आर्थिक र पूर्वाधार योजनामा सीमित विशेषज्ञता छ, तिनीहरू राम्रोसँग प्रशिक्षित र अद्यावधिक छैनन् । प्रेरक कारक कमजोर छ ।

नेपालको अनौपचारिक अर्थतन्त्र जिडिपीको ३८.६ प्रतिशत छ । आयातमा आधारित अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्नु र बढ्दो विस्तार हुँदै गएको अनौपचारिक अर्थतन्त्रलाई औपचारिक क्षेत्रमा ल्याउनु चुनौतीपूर्ण छ । राजस्व चुहावट नियन्त्रण, कर कानुनको पालना र कर दायरा विस्तार गर्ने चुनौतीहरू छन् ।

कुनै पनि चलिरहेको र पाइपलाइन परियोजनाहरूसँग सम्बन्धित जोखिमहरू पहिचान गर्न, मूल्यांकन गर्न निश्चित मापदण्ड र खरिद योजनाहरूसहित तीनै तह (राष्ट्रिय-प्रादेशिक-स्थानीय) का योजनाहरूमा आधारित परियोजनाहरूको पाइपलाइन विकास गर्न आवधिक योजना निर्माण गर्ने र त्यसको कार्यान्वयनमा सहयोग गर्नुपर्छ । वातावरणीय एवं पूर्वाधार निर्माणका लागि निजी क्षेत्र र अन्य लगानीकर्ताहरूबाट लगानी जुटाउने र सहजीकरण गर्ने गर्नुपर्छ । योजना प्रक्रियाको क्रममा समावेशिता सुनिश्चित गर्न स्थानीय सरकारको क्षमता निर्माण गर्नुपर्छ । स्थानीय सरकारको निजी क्षेत्रसँग काम गर्ने क्षमता निर्माण गर्ने र सार्वजनिक-निजी-साझेदारी मोडालिटीहरुमा हरित र जलवायु जलवायुसम्बन्धी जोखिमहरू बुझ्न मद्दत गर्ने सहयोग गर्ने, स्थानीय कानुन-संहिताको विकासमा सहयोग गर्नुपर्छ ।

सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई बलियो बनाउने र सार्वजनिक वित्तीय व्यवस्थापन प्रणाली चक्रहरुमा प्रदेश सरकारको क्षमता निर्माणमा सहयोग गर्नु जरुरी छ । डिजिटल प्रविधिको विस्तार त प्रविधिको प्रयोग गरेर समाधानहरु प्रस्तुत गर्नुपर्छ, जसले कमजोर कार्यान्वयन हुनबाट र भ्रष्टाचारलाई रोक्न सहयोग पुर्याउँछ । तथ्यांकमा आधारित अनि डिजिटल प्रविधिमार्फत निर्णय लिने क्षमता निर्माणमा सहयोग गर्नु जरुरी छ । आवधिक योजना, समीक्षा र सार्वजनिक-निजी-संवादका लागि प्रणाली विकास गर्न समर्थन र सहयोग गर्ने र विभिन्न सरोकारवालाहरुसँगको सहकार्यलाई सहजीकरण गर्ने परिपाटीको विकास गर्नुपर्छ ।

स्थानीय तहमा योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण जनसहभागिता सुनिश्चित गरिनुपर्छ । योजना प्राथमिकीकरण गर्दा पर्याप्त अध्ययन गरी लागत खर्च र अन्य प्राविधिक पक्षको पूर्वानुमान गर्नु आवश्यक छ । वडा र पालिकामा प्राथमिकीकरण भएका योजनाका आधार र सूचीजस्ता सार्वजनिक महत्वका विवरण वडा र पालिका कार्यालयमार्फत प्रकाशन गरिनुपर्छ । बजेटको ठूलो हिस्सा सडक निर्माणजस्ता भौतिक पूर्वाधार विकासतर्फ विनियोजन भइरहेको परिप्रेक्ष्यमा सामाजिक विकासलगायत अन्य क्षेत्रका आवश्यकताको अध्ययन गरी सन्तुलित बजेट निर्माण गरिनुपर्छ ।

पुँजीगत खर्च विनियोजन गर्दा त्यसको कार्यान्वयन, सञ्चालन र मर्मतसम्भारका लागि चालु खर्चको पनि व्यवस्था गरिनुपर्छ । वडास्तरीय बजेट विनियोजन गर्दा जनसंख्या, भूगोल, पूर्वाधारको अवस्था र अन्य आवश्यकताको लेखाजोखा गरी स्पष्ट मापदण्ड निर्धारण गरिनुपर्छ । योजना कार्यान्वयनका लागि आर्थिक वर्षको अन्तिम महिनामा चाप नपर्ने तरिकाले कार्यतालिका बनाउनुपर्छ र सो कार्यतालिकाको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्दा समितिका सदस्यलाई आवश्यक अभिमुखीकरण तालिम दिइनुपर्छ । साथै प्राविधिक र प्रशासनिक सहयोग समयमै उपलब्ध गराइनुपर्छ र लागत अनुमानलगायतका कागजात सबैले बुझ्ने भाषामा उपलब्ध गराउनुपर्छ ।

उपभोक्ता समितिसम्बन्धी नियममा रहेका शून्य पेस्कीजस्ता जनसहभागिता निरुत्साहित गर्ने र अतिरिक्त आर्थिक भार पार्ने प्रावधानहरू हटाइनुपर्छ । योजना कार्यान्वयनका लागि बोलपत्र थोरै संख्यामा वितरण हुने स्थानीय पत्रिकामा आह्वान गर्ने गैरकानुनी र अपारदर्शी अभ्यास पूर्ण रूपमा निस्तेज गरिनुपर्छ । प्रभावकारी योजना अनुगमनका लागि पर्याप्त प्रशासनिक र प्राविधिक साधनस्रोतको व्यवस्था गरिनुपर्छ । आयोजना सम्पन्न भएपछि समयमा नै मूल्यांकन गरिनुपर्छ र भुक्तानी प्रक्रिया सरल र छरितो बनाइनुपर्छ । स्थानीय सरकारको बजेट विनियोजन र कार्यान्वयनमा प्रक्रियागत पारदर्शिता र जनताप्रतिको जवाफदेहिता सुनिश्चित गर्नु अत्यावश्यक छ ।

संघीय र प्रदेश सरकारको तहमा स्थानीय सरकारको एकल र साझा अधिकारअन्तर्गतका संघीय र प्रादेशिक कानुन अविलम्ब जारी गरिनुपर्छ । यस्ता कानुन बनाउँदा स्थानीय सरकारका प्रतिनिधिसँग पर्याप्त समन्वय र छलफल गरिनुपर्छ । संघ र प्रदेशले स्थानीय सरकारलाई अनुदान (विशेषतः ससर्त अनुदान) प्रदान गर्नुअघि पर्याप्त छलफल र समन्वय गर्नुपर्छ । वित्तीय हस्तान्तरण गर्दाका आधार, सूचकांक र सीमितताबारे स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीलाई जानकारी गराइनुपर्छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अन्तरसरकारी र स्थानीय एकाइबीचको वित्तीय असन्तुलन कम गर्न स्थानीय एकाइका तथ्यांक अद्यावधिक गरी स्थानीय सरकारलाई हुने वित्तीय हस्तान्तरण समतामूलक र प्रभावकारी बनाउनुपर्छ ।

नेपालमा सहभागितामूलक योजना तर्जुमा गर्ने अभ्यास लामो समयदेखि हुँदै आएको भए तापनि मुलुक संघीय शासन प्रणालीमा रूपान्तरण भएसँगै सरकारसम्म सर्वसाधारण नागरिकको पहुँचमा थप सहजता आएको छ । यसबाट एकातिर शासन प्रणालीमा जनताको प्रत्यक्ष तथा सक्रिय सहभागितामा बढोत्तरी भएको छ भने अर्कातर्फ सीमित स्रोतसाधनबाट चुलिँदो जनअपेक्षा पूरा गर्नुपर्ने चुनौती पनि थपिएको छ । जनताको सबैभन्दा नजिकको सरकार भएको नाताले स्थानीय तहका लागि यस्तो चुनौती अझै बढ्न गएको छ । यस्तो चुनौतीको सामना गर्दै उपलब्ध स्रोतसाधनको उपयोगका लागि स्थानीय तहको योजना पद्धतिलाई अझ बढी सहभागितामूलक, व्यवस्थित र प्रभावकारी बनाउन जरुरी छ ।

राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने सोच नेपालको संविधानले लिएको छ । संविधानले परिकल्पना गरेअनुरूप तीनै तहका सरकारबीचको आपसी समन्वय र सहकार्यबाट नै जनताले आकांक्षा गरेबमोजिम समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ । यसका लागि राज्यका तीनै तहले नेपालको संविधान तथा प्रचलित कानुनले प्रदान गरेको अधिकारक्षेत्र भित्र रही समन्वयात्मक रूपमा योजना तर्जुमा र कार्यान्वयन गर्ने परिपाटी आवश्यक हुन्छ ।

(स्वीस कन्ट्याक्ट नेपालमा सिनियर एड्भाइजरका रूपमा कार्यरत लेखक कृषि सरोकार समाजका वरिष्ठ उपाध्यक्ष हुन् ।) *(स्रोतः कारोबारदैनिक)*

# बालसुधार गृहलाई युनिसेफको सहयोग



*बाल सुधारगृहका लागि सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११ स्थित बालसुधार गृहमा विभिन्न प्रकार जिन्सी सामग्री हस्तान्तरण गरिएको छ। युनिसेफ नेपालले बुधबार केन्द्रीय बाल न्याय समितिको सचिवालयमार्फत सामग्री हस्तान्तरण गरेको हो । बालसुधार गृहमा रहेका बालविज्याईकर्ताहरुको वृत्ति विकासका लागि सामग्री सहयोग गरिएको युनिसेफ नेपालले जनाएको छ ।

४ वटा डेस्कटप कम्प्युटर सेट, १ थान ल्यापटप, २ वटा टेलिभिजन र ११ थान कुलर हस्तान्तरण गरिएको छ । हस्तान्तरण गरिएका सामग्री ११ लाख ६६ हजार रुपैयाँ बराबरको भएको बालसुधार गृहका प्रमुख प्रदीप गौतमले जानकारी दिनुभयो । कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका रजिष्टार नारायणप्रसाद पन्थीले बालविज्याईकर्ताहरुले आफुमा रहको सीप विकास गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले बाल सुधार केन्द्रको व्यवस्थापनको मोडल पनि समयानुकुल परिवर्तन गर्दै लैजानुपर्ने सुझाव समेत आएकोले त्यसतर्फ मनन गरिने बताउनुभयो ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेढाई, जिल्ला अदालत मकवानपुरका न्यायाधीश श्रीप्रसाद सञ्जेल, श्रेस्तेदार लेखनाथ पौडेल, युनिसेफ नेपालका कार्यक्रम सहयोगी सुरेश श्रेष्ठ, बाल समाजसेवी शान्ति मोक्तान लगायतको आतिथ्य रहेको थियो । त्यसैगरी प्रारम्भिक बाल विकास संस्था मकवानपुरले पनि सुधारगृहलाई आवश्यक पर्ने खाद्यान्न सहयोग गरेको छ । सुधारगृहमा हाल ६७ जना बालविज्याईकर्ताहरु रहेका छन् ।

# समाजका लागि तासिर कार्यक्रम




समाज संवाददाता

हेटौँडाः हेटौँडा-७, नागस्वतीस्थित तारिस इंलिस सेकेण्डरी बोर्डिङ स्कूलले समाजका लागि तासिर कार्यक्रमको आयोजना गरेको छ। बुधबार नारायणी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडको सभाहलमा समाजका लागि तासिर कार्यक्रमको आयोजना गरेको हो । हेटौँडा-६ का वडाअध्यक्ष विष्णु बहादुर दहालको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका सदस्य रामहरी थापाको सभाध्यक्षमा कार्यक्रम भएको हो ।

कार्यक्रमलाई सम्बोधन गनुहुँदै वडाध्यक्ष दहालले २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मकवानपुर जिल्लाको प्रतिनिधित्व गरेर ४ जिपिए ल्याउन सफल भएको डाफीन राइका र विद्यालयलाई शुभकामना व्यक्त गर्नुभयो । तासिर बोर्डिङले शैक्षिक क्षेत्रसँगसँगै अन्यक्षेत्रमा पनि महत्वपूर्व भूमिका निर्वाह गर्दै आएको बताउनुहुँदै अभिभावकहरुको आकर्षण बढ्दै गरेको धारणा राख्नुभयो । तासिर स्कूलका सञ्चालक राजन थापाले विद्यार्थीका लागि सीपमुलक तथा व्यावसायिक तालिकको आयोजनामा गर्दै जाने बताउनुभयो। विश्व बजारलाई आवश्यक जनशक्ति उत्पादनमा जोड दिने उहाँको भनाई छ ।

तासिर स्कूलका प्रिन्सीपल बिनोद थपलियाले विद्यार्थीको क्षमतालाई समाजमा प्रस्तुत गर्न, समाजका लागि तासिरको भुमिकाबारे सुझाव संकलन गर्न र भावी योजना निर्माण गर्नका लागि कार्यक्रमको आयोजना गरेको बताउनुभयो। कार्यक्रममा विद्यार्थीहरुले नृत्य, नाटक र अन्य कलाहरु प्रस्तुत गरेको उहाँले बताउनुभयो। कार्यक्रममा नारायणी दुग्ध उत्पादन सहकारी संस्था लिमिटेडका अध्यक्ष शिव प्रसाद सञ्जेल, व्यवस्थापक नवराज गौतमको पनि आतिथ्य रहेको थियो।

# शुल्क निर्धारण र छात्रवृत्ति कार्यान्वयन गराउन स्थानीय तहलाई शिक्षा मन्त्रालयको अनुरोध




काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी लगानीका विद्यालयमा शुल्क निर्धारण एवं छात्रवृत्ति कार्यान्वयन गराउन स्थानीय तहहरूलाई अनुरोध गरेको छ। बुधबार मन्त्रालयले स्थानीय तहका लागि १० बुँदे अनुरोध पत्र सार्वजनिक गर्दै कानुनी रुपमा व्यवस्था भएका कुराहरुलाई कडाइका साथ कार्यान्वयन गराउन स्थानीय तहहरूलाई अनुरोध गरेको हो ।

मन्त्रालयले सार्वजनिक विद्यालयमा निःशुल्क शिक्षाको कार्यान्वयन पनि गराउन आग्रह गरेको छ । सार्वजनिक विद्यालयले कक्षा १२ सम्म कुनै पनि शीर्षकमा शुल्क लिन पाउँदैनन् । तर कतिपय विद्यालयले परीक्षा, वार्षिक, भर्नालगायत शीर्षकमा विद्यार्थीबाट शुल्क लिंदै आएका छन् । मन्त्रालयले छात्रवृत्ति वितरण सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गराउन पनि अनुरोध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा उल्लेख भए बमोजिम निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालयले प्रारम्भिक बालविकास तहदेखि १२ कक्षासम्म छात्रवृत्तिको व्यवस्था छ ।

जसअनुसार ५०० जनासम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १० प्रतिशत, ५०० देखि ८०० सम्म विद्यार्थी भएका विद्यालयले कम्तिमा १२ प्रतिशत र ८०० देखि बढी विद्यार्थी संख्या भएका विद्यालयले कम्तिमा १५ प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयले शुल्क र छात्रवृत्तिको विवरण सम्बन्धित विद्यालय र गाउँ तथा नगरपालिकाको वेबसाइट वा अरू माध्यमबाट सार्वजनिक गर्नसमेत अनुरोध गरेको छ। *स्रोतः अनलाइनखबर ।*

# ५६ जनाको निःशुल्क आँखा जाँच

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिका-३, कटुञ्जे स्वास्थ्य चौकी मातहतको कैलाश ग्रामीण आँखा केन्द्रमा निःशुल्क आँखा शिविर भएको छ । मङ्गलबार कैलाश गाउँपालिकाको आयोजनामा भएको शिविरमा ५६ जनाले निःशुल्क आँखा जाँच गरेको सामुदायिक कार्यक्रम संयोजक सुशील सिंहले जानकारी दिनुभयो ।

५६ जनाको आँखा जाँच गर्दा मोतिविन्दु, जलविन्दु, आँखा कमजोर, पर्दाको समस्या देखिएको र ५ जनामा मोतिविन्दुको समस्या देखिएको संयोजक सिंहले जानकारी दिनुभयो । शिविरमा हेटौँडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो । मोतिविन्दु देखिएका ४ जनाको हेटौँडा सामुदायिक आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया हुँदैछ ।

# सेवा प्रवाहमा तत्काल सुधार गर्न गृहमन्त्रीको निर्देशन

काठमाडौँः उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले नागरिकमा व्यावहारिक अनुभूति गराउने गरी कानुनले प्रत्यायोजन गरेको अधिकार अनुसार काम गर्न गृहका कर्मचारीलाई निर्देशन दिएका छन् । सरुवा भई विभिन्न जिल्ला तथा निकायमा जान लागेका गृहका अधिकारीलाई बुधबार सिंहदरबारमा आयोजित कार्यक्रममा निर्देशन दिँदै गृहमन्त्री लामिछानेले सरकारले जनतामा तत्काल आशा जगाउन सक्नुपर्ने भएकाले आफ्नो जिम्मेवारीको क्षेत्रमा गलत तत्वको सञ्जाल तोड्न पनि आग्रह गरेका थिए ।

सेवा प्रवाहमा तत्काल सुधार गरी गुण्डागर्दी, तस्करी, राजस्व चुहावट र प्राकृतिक स्रोतको दोहन नियन्त्रण, सामाजिक सद्भाव अभिवृद्धि, विपद् व्यवस्थापन, सवारी दुर्घटना न्यूनीकरणलगायत क्षेत्रमा तत्कालै सुधारका योजना बनाएर लागू गर्न पनि उनले आग्रह गरेका थिए। राजनीतिक नेतृत्वको गलत दबाब र प्रभावमा नपर्न चेतावनी दिँदै गृहमन्त्री लामिछानेले भने आज्ञापालक होइन, सृजनशील प्रशासक बन्न र नागरिकलाई सम्मान दिन पनि अनुरोध गरेका थिए।

औपचारिक कार्यक्रममा धेरै समय बर्बाद नगर्न र जिम्मेवारी सक्दिन नभन्न पनि कर्मचारीलाई उनले निर्देशन दिएका छन् । अध्यागमनका कर्मचारीलाई समस्या समाधानका योजना ल्याई लागू गरेर नागरिकका गुनासा सम्बोधन गर्न पनि उनले निर्देशन दिए। मंगलबार मात्रै गृह मन्त्रालयले अध्यागमन विभागका महानिर्देशक, निर्देशक, अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र केही जिल्ला प्रशासन कार्यालयमा उपसचिव र सहसचिव गरी २२ जनाको सरुवा गरेको थियो। *स्रोतः इकान्तिपुर ।*


## सूचना । सूचना ।। सूचना ।।।

| ज्योती बचत तथा ऋण सहकारी संस्था लि.<br>हेटौंडा-२, कान्तिराजपथ | सजिलो उपभोक्ता सहकारी संस्था लि.<br>हेटौंडा-४, सितलमहल चोक |
|---|---|

**विषयः विशेष साधारण सभामा उपस्थित हुने सम्बन्धमा**

महोदय,

उपरोक्त सम्बन्धमा यस ज्योती बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-२, कान्तिराजपथ र सजिलो उपभोक्ता सहकारी संस्था लि. हेटौंडा-४, सितलमहल चोक दुबै संस्थाको मिति २०८० साल फागुन २७ गते बसेको संचालक समिति र लेखा समितिको संयूक्त बैठकको निर्णय अनुसार सहकारी ऐन २०७४ को दफा २३ र सहकारी नियमावली २०७५ को दफा १८ मा व्यवस्था भए अनुसार यी दुवै संस्थाको एकिकरण हुने विशेष साधारण सभा तपशिलमा उल्लेखित मिति, समय र स्थानमा हुने भएकोले दुवै संस्थाका शेयर सदस्य महानुभावहरुको गरिमामय उपस्थितको लागी हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**

मितिः २०८० चैत्र १० गते शनिबार

समयः बिहान ११:०० बजे

स्थानः रोयल पार्टी प्यालेस (हेटौंडा-४, मेनरोड)


# सरसफाईमा लापरबाही गर्ने होटललाई जरिवाना

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाभित्र म्याद गुज्रेको खाद्य सामग्री र लापरबाही तरिकाले सञ्चालन गरिरहेको होटल तथा रेष्टुरेन्टहरुलाई कार बाही गरेको छ । आइतबार, सोमबार र मंगलबार हेटौँडा-१, २, ४ र १० नम्बर वडाभित्रका होटल र रेष्टुरेन्टहरुमा अनुगमन गरेर कारबाही गरेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय, मकवानपुर उद्योग वाणिज्य संघ, हेटौँडा उपमहानगरपालिका, जिल्ला प्रहरी कार्यालय र उपभोक्ता हित संरक्षण मञ्च मकवानपुरबाट खटिएको संयुक्त बजार टोलीले हेटौँडाका २६ होटल तथा रेष्टुरेन्टमा अनुगमन गरेको थियो । अनुगमनको क्रममा सरसफाईमा लापरबाही गरेको पाइएपछि हेटौंडा-४ स्थित जयशम्भु मिष्ठान्न भण्डारलाई १० हजार रुपैयाँ जरिवाना तिराएको छ ।

यस्तै हेटौंडा-४ स्थित युनिभर्सल रेष्टुरेन्टलाई पनि सरसफाईमा लापरबाही गरेको भन्दै १० हजार रुपैयाँ जरिवाना, हेटौँडा-१ स्थित गंगा मिठाई उद्योगलाई ५ हजार रुपैयाँ, हेटौँडा-४ स्थित वृन्दावन मिष्ठान्न भण्डारलाई ५ हजार रुपैयाँ, हेटौँडा-१ स्थित अन्नपूर्ण भोजनालयलाई ५ हजार रुपैयाँ, र हेटौँडा-४ स्थित हिमालयन स्वीट्सलाई ५ हजार रुपैयाँ जरिवाना गरेको छ । यस्तै अन्य होटल तथा रेष्टुरेन्टमा म्याद गुज्रेको खाद्य सामग्री र पेय पदार्थ नष्ट गरेको जनाएको छ ।

# हेटौंडामा सुशी मास्टर्स क्लास सुरु

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, स्कुलरोडमा जे एन्ड बी बारिष्टा एकेडेमीले सुशी मार्स्टस क्लासको सुरु गरेको छ । बुधबार एक कार्यक्रमका बीच हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामाले क्लासको उद्घाटन गर्नुभएको हो ।

पछिल्लो समय युवाहरुको अत्याधिक माग अनुसार हेटौंडामा सुशी क्लासको सुरु गरेको सञ्चालक जगदीश विडारीले जानकारी दिनुभयो। अहिले सीप नसिकिकन युवाहरु विदेश जाँदा दुःख पाइरहेको र उचित पारिश्रमिक नपाइरहेको अवस्थामा सीप सिकाउन तालिम सुरु गरेको उहाँले बताउनुभयो । सुशी मास्टर्स विशेषगरी जापानमा प्रसिद्ध छ । कक्षा १२ पास भएकाहरुले एक महिनादेखिको माथिको तालिम लिन सकिने उहाँले बताउनुभयो । तालिममा विशेषज्ञ प्रशिक्षकबाट सीप सिकाइने उहाँले बताउनुभयो ।


## डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

**वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढैंलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढैंलो निभाऔं । डढैंलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।**

**डिभिजन वन कार्यालय, मकवानपुर**






## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

**हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना**

निवेदकः विष्णु प्रधान, राधेश्याम प्रधान     जग्गाधनीः हरिज्ञान श्रेष्ठ

जिल्ला मकवानपुर साविक दामन गा.वि.स. वडा नं. ४ हाल थाहा न.पा. ३ बस्ने विष्णु प्रधानको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा पं, शिखरकोट वडा नं ४ बस्ने हरिज्ञान श्रेष्ठको नम्बरी हो भनी उल्लेख भएको हरिज्ञान श्रेष्ठ भन्ने हरिज्ञान प्रधानको मिति २०४९।१०।२० मा मृत्यु भएको, निजको एकमात्र श्रीमती तेजमाया प्रधानको मिति २०६६।११।१२ मा मृत्यु भएको निजहरुको हकदारहरु दुइ छोराहरु विष्णु प्रधान र राधेश्याम प्रधान भएकोले हाम्रो वावुको नाममा कायम रहेको फिल्डवुक अनुसार शिखरकोट गा.वि.स वडा नं ९ को कि.नं. १५० ज.रो ५-५-०-१ जग्गाको पुर्जा प्राप्त नभएकाले हकदार छोराहरु विष्णु प्रधान, राधेश्याम प्रधान समेत दुइ जनाको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उक्त कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए वा जग्गादर्ता तथा नामसारी हुनुनपर्ने अन्य कुनै कारण भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता तथा नामसारी भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## कैलाशमा अध्यक्ष कप फुटबल

# वडा १० को विजयी सुरुवात



समाज संवाददाता

हेटौँडाः मकवानपुरको कैलाश गाउँपालिकामा दोस्रो संस्करणको अध्यक्ष कप फुटबल प्रतियोगिताको सुरु भएको छ। बुधबार गाउँपालिकाका अध्यक्ष लोक बहादुर मोक्तानले प्रतियोगिता उद्घाटन गर्नुभयो।

कैलाश-९, नामटारमा सुरु प्रतियोगिताको उद्घाटन खेलमा वडा नम्बर १० ले विजयी सुरुवात गरेको छ। वडा नम्बर ४ लाई ३-० गोलको फराकिलो अन्तरले पराजित गर्दै १० नम्बर वडाले विजयी सुरुवात गरेको हो। बुद्ध थिङ र सागर बलले एक-एक गोल गरे भने एक गोल आत्मघाती उपहार पाएको हो। वडा नम्बर १० प्रतियोगिताको साविक विजेतासमेत हो। वडा नम्बर १० ले अब सेमिफाइनल प्रवेशका लागि बिहिबार प्रतिस्पर्धा गर्नेछ।

यस्तै बुधबारको दोस्रो खेलमा वडा नम्बर ५ र ९ बीच खेल हाफ समय मात्र खेलेर रोकेको छ। बाँकी समयको खेल बिहिवार बिहान हुने रेफ्री सन्तोष राईले बताउनुभयो। विजयी टिमले बिहिबार वडा नम्बर ८ सँग प्रतिस्पर्धा गर्नेछ। यस्तै बिहिबारको खेलमा वडा नम्बर २ र ३, ६ नम्बर वडा र ७ नम्बर वडाबीच प्रतिस्पर्धा हुनेछ। कैलाश खेलकुद विकास समितिका संयोजक मोहन वाईबाको सभाध्यक्षतामा भएको प्रतियोगिता उद्घाटन कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष बाल कुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत विनोद रोक्का र वडाध्यक्षहरुको पनि उपस्थिति रहेको थियो।

# चितवन, धादिङ र काभ्रेपलाञ्चोकमा ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः विभिन्न घटनामा एकै दिन ४ जनाको मृत्यु भएको छ। प्रदेशको चितवन, धादिङ र काभ्रेपलाञ्चोकमा एकै दिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, दाशढुङ्गामा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। बुधबार बिहान १ बजेको समयमा नारायणगढबाट मुग्लिङतर्फ जाँदै गरेको ना ७ ख ७६४ नम्बरको ट्रकले बिपरित दिशाबाट आउँदै गरेको ना ५५ प ८१९९ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक २२ वर्षीय पुरुषको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

ट्रकले ठक्करबाट मोटरसाइकल चालक गम्भीर घाइते भएका थिए। घाइतेलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा उपचारको क्रममा बिहान २ बजेर ३५ मिनेटमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। ट्रक चालक हेटौँडा-१३ बस्ने ३९ वर्षीय दुर्गा स्याङ्तानलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चितवन जिल्लाकै भरतपुर महानगर पालिका-१, पोखरा बसपार्क नजिक एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा धादिङ जिल्ला घर भएका नरेश अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ। अधिकारी गत शुक्रबार बिहान ११ बजेको समयमा भरतपुर महानगर पालिका-१, देवघाटस्थित नारायणी नदीको किनारमा नुहाउने क्रममा डुबी बेपत्ता भएका थिए। बेपत्ता अधिकारी मंगलबार गौरेश्वर मन्दिर पछाडी नारायणी नदीमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ।

यस्तै, धादिङ जिल्लाको निलकण्ठ नगरपालिका-१०, तिमल्सिना गाउँमा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६४ वर्षीय खिरेन्द्र तिमल्सिना रहेको प्रहरीले जानकारी दिएको छ। मंगलबार दिउँसो तिमल्सिना आफ्नो घर नजिक रहेको कटुसको रुखबाट दाउरा झार्ने क्रममा रुखबाट लडेर घाईते भएका थिए। घाइते तिमल्सिनालाई उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-९, पाल्लेखेतमा एकजना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा काठमाडौं जिल्लाको काठमाडौं महानगर पालिका-८ गौशला घर भएका ४६ वर्षीय सुरज श्रेष्ठ रहेको प्रहरीले जानकारी दिएको छ। श्रेष्ठ बिगत केहि समयदेखि पाल्लेखेतमा साझेदारीमा सम्राट होटेल सञ्चालन गर्दै आएका थिए। श्रेष्ठ मंगलबार दिउँसो १ बजेर ४५ मिनेटको समयमा होटेलको खाटमा बेहोस अवस्थामा फेला परेकोमा थिए। श्रेष्ठलाई उपचारका लागि धुलिखेल अस्पतालमा लगिएकोमा सोही दिन दिउँसो ३ बजेर ४० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

# नवोदयको प्रिन्सीपलमा मनोज थिङ

समाज संवाददाता

हेटौँडाः नयाँ शैक्षिक सत्र सुरु हुनै लाग्दा हेटौँडा-४ स्थित नवोदय शिशु सदन माविको प्रिन्सीपलमा मनोज थिङ नियुक्त हुनुभएको छ। बुधबार विद्यालय व्यवस्थापन समितिले थिङलाई प्रिन्सीपल नियुक्त गरेको विद्यालयका शैक्षिक निर्देशक दिपेश जोशीले जानकारी दिनुभएको छ। २०५२ सालमा स्थापित नवोदयमा स्थापनाकालदेखि नै शकुन्तला जोशी प्रिन्सीपल हुनुहुन्थ्यो। थिङ दोस्रो प्रिन्सीपलको रुपमा नियुक्त हुनुभएको हो।

शैक्षिक नेतृत्व विषयमा काठमाडौं विश्वविद्यालयबाट एमफिल तहको शोधअनुसन्धानको चरणमा रहनुभएका थिङ यसअघि नवोदयमा शैक्षिक निर्देशकको रुपमा काम गर्दै आइरहनुभएको थियो। ४ वर्ष नवोदयमा अंग्रेजी विषयको शैक्षिक सुपरीवेक्षकको रुपमा काम गरिरहनुभएका थिङ एमफिल तहको अध्ययनकै लागि करिब डेढ वर्ष काठमाडौंमा रहनुभयो। हेटौँडा-४, कर्रास्थित श्रमिक माविबाट एसएलसी उत्तीर्ण थिङले शिक्षाशास्त्र संकायमा दश जोड दुई तह र स्नातक




तह हेटौँडा क्याम्पसबाट पूरा गर्नुभएको हो। थिङले काठमाडौंस्थित आरआर क्याम्पसबाट स्नात्तकोत्तर तह मानविकी संकायमा अंग्रेजी विषयको अध्ययन पूरा गर्नुभएको छ।

प्रिन्सीपल नियुक्तिपछि थिङले विद्यालयको मिसन, भिजनअनुसार काम गर्ने बताउनुभएको छ। नवोदयले भयरहित, गृहकार्यको बोझरहित शिक्षा लागु गर्दै गर्दा विद्यार्थीमा पठनपाठनप्रति चासो कम हुँदै गएकोले विद्यार्थीलाई पठनपाठनमा केन्द्रित गर्नुपर्ने आवश्यकता रहेको थिङले बताउनुभयो। विद्यालयको संरचना र दक्ष शिक्षक विद्यालयको सवल पक्षमा रहेको उल्लेख गर्नुहुँदै थिङले भन्नुभयो, "नवोदय राम्रो विद्यालय हो भनेर आउने शिक्षकहरुलाई नवोदयलाई राम्रो बनाउन गर्नुपर्ने मिहिनेतमा अभ्यस्त गराउनु चुनौतिको विषय छ।"

प्रिन्सीपलसँगै विद्यालयले विद्यालयको तालिम विभाग प्रमुखमा नरेन्द्र कुमार नगरकोटी, प्रशासन तथा लेखा प्रमुखमा शरदराज पाण्डे, मावि तह संयोजकमा सिएम रिमाल, शैक्षिक प्रमुख (मावि) मा मञ्चन तिवारी र शैक्षिक प्रमुख (प्राथमिक) सचिता पाण्डेलाई नियुक्त गरेको छ। प्रिन्सीपलसहित सबै तहमा नियुक्त पदाधिकारीले विद्यालयको शैक्षिक सुधार मा उल्लेखनीय काम गर्ने अपेक्षा गर्नुहुँदै विद्यालयका निर्देशक दिपेश जोशीले भन्नुभयो, "विद्यालयको नियमित कामलाई व्यवस्थित गर्नुका साथै विद्यार्थीमा पठनसंस्कृतिको विकास गर्ने, विद्यार्थीमा आत्मविश्वास बढाउने, उनीहरुको व्यवहारमा सकारात्मक चरित्र विकास गर्नेतर्फ नयाँ नेतृत्वले काम गर्नेछ।" १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा एक हजार तीन सय विद्यार्थी अध्ययनरत छन्।

# नेपालले पूर्वाधारमा धेरै गर्नुपर्नेछः आईसीसी अध्यक्ष

काठमाडौंः अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) का अध्यक्ष ग्रेग बार्कले तीन दिने भ्रमणका क्रममा नेपालमा छन्। वुमेन्स प्रिमियर लिग (डब्ल्युपीएल) का क्रममा भारत आएका उनी त्यसै सिलसिलामा मंगलबार नेपाल आएका थिए। बुधबार उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठसँग भेट गरे भने यसअघि मंगलबार राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङसँग भेट गरे। उनले काठमाडौंको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान र मुलपानी मैदानको अवलोकन पनि गरे।

मैदान हेरेपछि बार्कलेले नेपालले क्रिकेट पूर्वाधार विकासमा अझै जोड दिनुपर्ने बताए। 'नेपालमा राम्रा समर्थक छन्। तर पूर्वाधारमा धेरै विकास गर्नुपर्ने आवश्यकता छ। पूर्वाधारको विकास गरेमा आईसीसीका द्विपक्षीय सिरिजहरु गर्न सक्छौं', उनले भने। आफूले प्रधानमन्त्री र खेलकुदमन्त्रीसँग कुराकानी गर्दा पूर्वाधार विकासमा सकारात्मक रहेको पाएको पनि उनले बताए। बार्कलेले नेपालले बलिया टिमलाई बोलाउन पर्याप्त पूर्वाधारसहितको रंगशाला अनिवार्य भएको पनि बताए। त्यसका लागि रंगशालामा फ्लडलाइट, ब्रोडकास्टिङलगायतको सुविधा चाहिने बार्कलेको भनाइ छ।

पूर्वाधार भएमा नेपाल न्यूट्रल भेन्यू पनि बन्न सक्ने उनको भनाइ छ। भारत र पाकिस्तानबीचको सम्बन्धका कारण एक अर्काको देशमा गएर क्रिकेट खेलेका छैनन्। त्यसैले नेपालमा पनि राम्रो पूर्वाधार बनाएमा यी दुई देशलाई बोलाएर क्रिकेट खेलाउन सकिने चर्चा हुने गर्छ। आईसीसी अध्यक्षले न्यूट्रल भेन्यूका लागि नेपाल त्यति सहज नरहेको संकेत गरे। 'न्यूट्रल भेन्यूको लागि एउटा मात्रै रंगशाला भएर हुँदैन। वैकल्पिक मैदानहरु पनि भएमा नेपाल अन्तर्राष्ट्रिय खेलका लागि न्यूट्रल भेन्युको रुपमा प्रयोग हुन सक्छ', उनले भने।


*स्रोतः अनलाइनखबर।*


## हार्दिक बधाई

मकवानपुर जिल्ला खेलकुद विकास समितिमा आफ्नो कार्यकालमा रचनात्मक कार्य गर्नुहुँदै कार्यकाल पूरा हुँदै गर्दा अक्षयकोष स्थापना गर्न सफल आदरणीय अध्यक्ष वेश खड्की दाजुलाई हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि खेल क्षेत्रमा उल्लेखनीय योगदानका लागि शुभकामना व्यक्त गर्दछु।




लालकाजी रत्न बज्राचार्य, अध्यक्ष
मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमिति
हेटौँडा, मकवानपुर




## हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## हार्दिक अनुरोध

नेपाल निर्माण व्यवसायी महासंघको २५औं साधारणसभा यही मिति २०८० साल चैत्र १६ र १७ गतेका दिन निर्माण व्यवसायी संघ मकवानपुर सह-आयोजक हुने गरी सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको प्रमुख आतिथ्यमा बागमती प्रदेशको राजधानी हेटौँडाको रोयल प्यालेसमा सम्पन्न हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं। देशभरका निर्माण व्यवसायीको सहभागिता रहने साधारणसभालाई सौहार्द्ध वातावरणमा सम्पन्न गर्न, गराउन सम्पूर्ण व्यवसायी, मकवानपुरवासीलाई साथ, सहयोग र सहकार्यका लागि आग्रह गर्दछौं। साधारणसभाबाट मकवानपुर जिल्लाको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने अपेक्षा लिएका छौं।

राजेन्द्रप्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर

## निर्माण व्यवसायी संघ मकवानपुरको
## सदस्यता नवीकरण गर्नेसम्बन्धी सूचना

नेपाल निर्माण व्यवसायी महासंघको २५औं साधारणसभा यही मिति २०८० साल चैत्र १६ र १७ गतेका दिन निर्माण व्यवसायी संघ मकवानपुर सह-आयोजक हुने गरी सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको प्रमुख आतिथ्यमा बागमती प्रदेशको राजधानी हेटौँडाको रोयल प्यालेसमा सम्पन्न हुन गइरहेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं। संघका सदस्य व्यवसायीहरुले साधारणासभामा सहभागी हुन मिति २०८० चैत ९ गतेसम्ममा आर्थिक वर्ष २०८०/८१ को अनिवार्यरुपमा नवीकरण गराइसक्नुपर्ने छ। साधारणसभामा प्रतिनिधि/पर्यवेक्षकको रुपमा सहभागी हुनका लागि रजिष्ट्रेशनवापत रु १,०००/- (एकहजार रुपैयाँ मात्र) लाग्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध गरिन्छ।

राजेन्द्रप्रसाद चौलागाई
महासचिव
निर्माण व्यवसायी संघ मकवानपुर


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ